मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

सपही, धनुषा

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : ५२५

मिति २०८३/०१/२२

विषयः दादुराको रोगको Outbreak भएको हुनाले सतर्कता अपनाउने सम्वन्धमा ।

श्री बलवा नगरपालिका महोत्तरी ।
श्री स्वास्थ्य कार्यालय महोत्तरी ।

प्रस्तुत विषयमा महोत्तरी जिल्ला बलवा नगरपालिका वडा नं. ८,९,१० र ११ मा शंकास्पद दादुराको रोगीहरुवाट सङ्कलन गरिएको नमुनाको प्रयोगशाला परिक्षणको नतिजा अनुसार हालसम्म ८ जनामा दादुरा संक्रमण पुष्टि भएको अन्य धेरै जाममा संक्रमित हुन सक्ने भएको र यो रोग श्वास प्रश्वासको माध्यमबाट अत्यन्तै छिटो फैलिन सक्ने भएको हुनाले थप फैलिन नदिन सतर्कता अपनाउने तर्फ तत्काल कार्यान्वयनको लागि जिल्ला शिक्षा विकाश समन्वय इकाई संग समेत समन्वय गरि निम्नलिखित क्रियाकलाप गर्नु गराउनु हुन समेत अनुरोध छ ।

- दादुरा रोगको चिन्ह, लक्षण देखापरेमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।
- महामारी फैलन नदिन शकास्पद विरामीहरूलाई आइसोलेसनमा राख्ने ।
- संक्रमित व्यक्तिलाई भिडभाड भएका सार्वजनिक ठाउँहरू नलैजाने र नपठाउने । घरभित्र हावा ओहोरदोहोर हुने, सफा र घाम लाग्ने कोठामा राख्ने ।
- हाच्छ्युँ गर्दा, खोक्दा नाक र मुख सफा रुमालले छोप्ने ।
- विद्यार्थीहरूले विद्यालय आउँदा अनिवार्य रूपमा मास्क लगाउने ।
- व्यक्तिगत सरसफाईमा विशेष ध्यानदिने जस्तै हाच्छ्युँ गरेपछि साबुन पानीले मिचिमिची हात धुने ।
- वच्चालाई भिडभाड भएका सार्वजनिक ठाउँहरुमा नलैजाने र नपठाउने ।सकेसम्म घरभित्रै राख्ने। वस्ने कोठामा हावाको आवतजावत हुने, घाम आउने खुल्ला ठाउँमा राख्ने । .
- वच्चाको वरिपरि धुम्रपान नगर्ने र अरुलाई पनि गर्न नदिने ।
- ५ वर्ष मुनिका बालवालिकाहरुको line listing गरि तत्काल छुट खोप लगाउने ।
- रोग लागेको अवस्थामा साविकको भन्दा वढी पोषिलो खाना खुवाउने र दादुरा लाग्दा रोग प्रतिरोधात्मक प्रणाली सुदृढ गर्न भिटामिन 'ए' क्याप्सुल स्वास्थ्यकर्मीको सल्लाह अनुसार खुवाउने ।
- संक्रमित वालवालिकालाई स्याहार गर्ने व्यक्तिले मास्क लगाई रहने ।

सुरेन्द्र चन्द्र न्यौपाने
निर्देशक

बोधार्थ
श्री स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा टेकु, काठमाडौं ।
श्री WHO-IPD जनकपुरधाम : आवश्यक समन्वय तथा सहजीकरणको लागि ।
श्री UNICEF जनकपुरधाम : आवश्यक समन्वय तथा सहजीकरणको लागि ।

CamScanner